
# शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य कार्ययोजना-२०७७




जिल्ला विपद् व्यवस्थापन समिति, अर्घाखाँची

District Disaster Management Committee (DDMC)
Arghakhanchi

विष्णु पौडेल
प्रमुख जिल्ला अधिकारी

## पृष्ठभूमि

अर्घाखाँची जिल्ला लुम्बिनी प्रदेशको एक पहाडी जिल्ला हो । यस जिल्लाको अधिकांश भुभाग (६८%) महाभारत पर्वत श्रृङ्खला अन्तर्गत रहेको छ भने बाँकी भुभाग शिवालिक पहाड अन्तर्गत पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल ११९३ वर्ग कि.मि. रहेको छ । नेपालको मानचित्रमा यस जिल्लाको पूर्वमा पाल्पा, उत्तरमा गुल्मी, दक्षिणमा कपिलवस्तु र रूपन्देही तथा पश्चिममा दाङ र प्युठान जिल्ला पर्दछन् । अर्घाखाँची जिल्लामा मध्य पहाड ६८%, चुरे पहाड ३१% र केही भाग समथर तराईको रुपमा रहेको छ । यस जिल्लामा साबिक ४२ गा.बि.स. रहेकामा हाल तीनवटा नगरपालिका र तीनवटा गाउँपालिका गरि कुल ६ वटा स्थानीय तहहरू रहेका छन् भने एक संघीय निर्वाचन र दुइ प्रदेश निर्वाचन क्षेत्र रहेका छन् । जिल्लाको कुल जनसंख्या १९७६३२ (महिला १११३६६ र पुरुष ८६२६६) र घरधुरी संख्या ४४३३२ (राष्ट्रिय जनगणना, २०६८) रहेको छ । जिल्लाको कुल साक्षरता ९७.२५% रहेको छ ।

नेपालमा हरेक वर्ष चिसो मौसममा शीतलहर तथा हिमपातका कारण जनजीवन प्रभावित हुने गरेको छ । यस जिल्लामा हिमपातले जनजीवनमा खासै ठूलो प्रभाव पारेको पाइदैन । त्यसैगरी तराईको भाग खासै नभएकोले हुस्सुले पनि ठूलो असर पारेको पाइदैन । तर कहिलेकाही हुने हिमपात तथा असिना पानीले जनजीवनमा असर पार्नुका साथै अन्नबालिहरुमा क्षति पुऱ्याउने गरेको छ । यसरी चिसो मौसममा हुने विपद्को कारणले मानविय क्षति नभएता पनि आर्थिक रुपमा क्षति पुग्ने गरेको छ ।

यातायात आगमन हुने सडकमा तुसारोको कारणले बाटो चिप्लो भई सवारी दुर्घटनाको जोखिम रहेको छ । आगो ताप्ने क्रममा आगलागि हुने, कोठामा निसासिने लगायतका दुर्घटना हुने सम्भावना रहन्छ । त्यसै गरि केभिड-१९ को कारण जोखिम थप भएको छ ।

हामी सबै जिल्लाका सरोकारवालाहरुको संयुक्त प्रयासबाट चिसो तथा शीतलहर र कोभिड-१९को जोखिमलाइ न्यूनीकरण गर्न आवश्यक छ ।

यसै सन्दर्भमा चिसोको समयमा हुने जोखिम कम गर्न तथा पूर्वतयारीका गतिविधिहरुलाई प्रभावकारी बनाउन जिल्ला विपद् व्यवस्थापन समिति, अर्घाखाँचीको निर्णय बमोजिम जिल्लाको शीतलहर तथा हिमपात विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य कार्ययोजना-२०७७ तयार पारिएको छ ।

विष्णु पौडेल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची

जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७/०९/०८ को बैठकबाट स्वीकृत

## शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य कार्ययोजना, 2077

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/व्यक्ति | सहयोगी निकाय | समय | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|
| १ | विभिन्न माध्यमहरुबाट घर विहीन, अति विपन्न वा चिसोको कारणले जोखिममा पर्न सक्नेको सूचना लिई स्थानीय तहमा जानकारी गराउने | जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु | निरन्तर | चिसोबाट हुन सक्ने घटनाहरुको वारेमा जानकारी हुने |
| २ | चिसोको जोखिममा रहेका वस्तिहरुको पहिचान गरी पूर्व सूचना दिने र सुरक्षित रहन संञ्चार माध्यममा प्रचारप्रसार गरी सुरक्षित तुल्याउने | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहहरु | | निरन्तर | |
| ३ | जिल्लाको विपद् व्यवस्थापन खोज तथा उद्धार सामग्रीहरुको रोष्टर तयार गरी राख्ने | जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकाय सवै, नेपाल रेडक्रस | निरन्तर | समयमै खोज तथा उद्धार हुने |
| ४ | खाद्यन्न, न्यानो कपडा कम्मल, काठ दाउरा, बायोमास, औषधी तुसारो तथा हिउँ पछ्याउने सामग्री तयारी अवस्थामा राख्ने | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहहरु | सुरक्षा निकाय सवै, नेपाल रेडक्रस | निरन्तर | चिसोबाट हुन सक्ने क्षती कम हुने |
| ५ | संभावित दूर्घटनाहरु जस्तै : अगलागी, कोठामा निसासिने आदिबाट बच्न सचेतनामूलक तथा सन्देशमूलक सूचना | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहहरु | सुरक्षा निकाय सवै, नेपाल रेडक्रस | निरन्तर | संभावित दुर्घटना प्रति सर्वसाधारण सचेत हुने |

विष्णु पौडेल
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | तयार गरी अम सञ्चारमाध्यम मार्फत प्रचार प्रसार गर्न । | | | | |
| ६ | हिमपात, तुसारो, बाक्लो कुहिरो तथा हुस्सुका कारण संभावित सवारी दुर्घटनालाई न्यूनीकरण गर्न संभावित स्थानहरुको Mapping गर्ने र दुर्घटना हुन सक्ने जोखिमयुक्त/संभावित क्षेत्रहरुमा विभिन्न सांकेतिक चिन्हहरु तथा सूचना मूलक सन्देशहरु राख्ने । सवारी चालकहरुलाई प्रवेश तथा प्रस्थान वन्दुमा जानकारी गराउने । | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहहरु, जिल्ला ट्राफिक कार्यालय | सुरक्षा निकाय सवै, नेपाल रेडक्रस | निरन्तर | सवारी दुर्घटनाहरु न्यूनीकरण गर्ने |
| ७ | इक्वीपमेण्ट सहितको आवश्यक न्यूनतम उद्धार सामग्री सहित खोज तथा उद्धार कार्यमा खटिने | सुरक्षा निकाय सवै, सडक डिभिजन कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तह सवै | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, निर्माण व्यवसयी संघ र उद्योग वाणिज्य संघ | निरन्तर | समयमै खोज तथा उद्धार हुने |
| ८ | जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र (DEOC) लाई Alert अवस्थामा राख्ने | जिल्ला प्रशासन कार्यालय | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला सुरक्षा समिति | निरन्तर | समयमै खोज तथा उद्धार हुने |
| ९ | राहत सामग्रीको भण्डारण गर्ने, भण्डारणको अनुगमन गरी उचित व्यवस्था मिलाउने | जिल्ला विपद् व्यवस्थापन समिति र DEOC | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, सुरक्षा निकाय सवै, नेपाल | निरन्तर | चिसोबाट प्रभावित नागरिकलाई समयमा राहत वितरण गर्न सकिने |

विष्णु पौडेल
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रेडक्रस, उद्योग वाणिज्य संघ | | |
| १० | राहत सामग्रीहरुको भण्डारण सहितको कार्ययोजना कार्यान्वयन गर्ने | जिल्ला समन्वय समिति, स्थानीय तह सबै, नेपाल रेडक्रस र गैर सरकारी संघ संस्था | जिल्ला प्रशासन कार्यालय | निरन्तर | चिसोबाट प्रभावित नागरिकलाई समयमा राहत वितरण गर्न सकिने |
| ११ | जिल्ला विपद् व्यवस्थापन रातहकोषमा न्यूनतम रकम रु. १० लाख राख्ने | जिल्ला प्रशासन कार्यालय | जिल्ला विपद् व्यवस्थापन समिति | निरन्तर | चिसोबाट प्रभावित नागरिकलाई समयमा राहत रकम वितरण गर्न सकिने |
| १२ | सुरक्षा निकायलाई तयारी अवस्थामा राख्ने | सुरक्षा निकाय सबै, जिल्ला सुरक्षा समिति | जिल्ला प्रशासन कार्यालय | निरन्तर | समयमै खोज तथा उद्धार हुने |
| १३ | स्थानीय स्वयम् सेवकको गठन गरी परिचालन गर्ने | नेपाल रेडक्रस, गैर सरकारी संघ संस्था, स्थानीय तह सबै, जिल्ला समन्वय समिति र राष्ट्रिय सेवा दल | गैर सरकारी महासंघ, DDRP बमोजिम गठन भएका जिल्ला कलस्टर समूह र राजनैतिक दलहरु | निरन्तर | खोज तथा उद्धार कार्यमा सहजता हुने |
| १४ | स्थानीय तहले विपद् व्यवस्थापन कोषमा कम्तिमा न्यूनतम रकम राख्ने | स्थानीय तह सबै | - | निरन्तर | चिसोबाट प्रभावित नागरिकलाई समयमा राहत रकम वितरण गर्न सकिने |

विष्णु पौडेल
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | स्थानीय तहले विपद् व्यवस्थापन खोज तथा उद्धार सामग्रीहरुको व्यवस्थापन गरी रोष्टर तयारी अवस्थामा राख्ने | स्थानीय तह सबै | जिल्ला विपद् व्यवस्थापन समिति | निरन्तर | खोज तथा उद्धार कार्यमा सहजता, शिघ्रता आउने |
| १६ | अत्याधिक चिसो बढ्ने समयमा विभिन्न् वस्तीहरुमा आगो ताप्ने व्यवस्था मिलाउने | डिभिजन वन कार्यालय, स्थानीय तह | सुरक्षा निकाय सवै, नेपाल रेडक्रस | आवश्यकता अनुसार | चिसोको असर कम हुने । |
| १७ | विपद्बाट पिडितलाई राहज उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी | तत्काल | पिडितलाई तत्काल राहत प्राप्त हुने |
| १८ | चिसो मौसममा कोभिड-१९ लगायत संक्रामक रोगबाट बच्न भौतिक दुरी, माक्सको प्रयोग, स्यानिटाइजरको प्रयोग तथा नियमित साबुन पानीले हात धुने लगायतका स्वास्थ्य र सुरक्षा मापदण्डको पालना गर्न जोड दिने | स्थानीय तह सबै | जिल्ला विपद् व्यवस्थापन समिति | निरन्तर | कोभिड-१९ लगायतका माहामारीको जोखिम कम हुने |

विष्णु पौडेल
प्रमुख जिल्ला अधिकारी